# पुतलीबजार नगरपालिका

# पुतलीबजार नगरपालिका राजपत्र

## पुतलीबजार नगरकार्यपालिका द्वारा प्रकाशित

परिच्छेदः ४ अनुसुचीः ५ पुतलीबजार नगारपालिका स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

## मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०८२

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

# मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन कार्यक्रम संचालन कार्यविधि, २०८२

नेपालमा कुल ग्राहस्थ उत्पादनमा पशुपालन क्षेत्रको ११ प्रतिशत योगदानलाई बढाउँदै लैजान पशु विकास क्षेत्रबाट हुने उत्पादनलाई निर्वाहमुखी व्यवसायीकरण गर्न र तीव्रतर लगानी विस्तार गरी पशुपालन व्यवसायहरुलाई प्रवर्द्धन गरी नगरपालिकालाई मासुमा आत्मनिर्भर बनाउदै लान आवश्यक छ। यसका लागि मासुको उत्पादन, प्रशोधन तथा बजारीकरण गरी पशु पालक कृषकहरुलाई थप वढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी बनाई लक्षित वर्गसम्म पुर्याउनु र यस व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्यूनिकरणको माध्यमबाट पुतलीबजार नगरपालिका नगरकार्यपालिकाको कार्यालयले नागरिकहरुको जीविकोपार्जनमा सुधार ल्याउन मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन कार्यकम संचालन कार्यविधि, २०८२ जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम **"मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन कार्यक्रम संचालन कार्यविधि"** २०८२ रहेको छ ।

ख. यो कार्यविधि पुतलीवजार नगरपालिकाको नगर कार्यपालिका बाट  स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

क. "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिका सम्झनुपर्छ ।

ख. "कार्यपालिका"भन्नाले पुतलीबजार नगरपालिकाको नगरकार्यपालिका सम्झनुपर्छ ।

ग. "कार्यालय" भन्नाले पुतलीबजार नगरपालिकाको नगरकार्यपालिका कार्यालयलाई सम्झनुपर्छ ।

घ. "शाखा" भन्नाले पुतलीबजार नगरपालिकाको पशु सेवा शाखालाई सम्झनुपर्छ ।

ङ. "कार्यक्रम" भन्नाले मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन कार्यक्रमलाई सम्झनुपर्दछ ।

धनराज ढकाल प्रमुख प्रशासकीय अधिकृत



तुलसी राम रेग्मी नगर प्रमुख

च. "अनुदान" भन्नाले कार्यक्रम संचालनको लागि सम्बन्धित साझेदारीलाई प्रदान गर्ने रकमलाई सम्झनुपर्दछ ।

छ. "कार्यदल" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठित कार्यदललाई संम्झनुपर्दछ ।

ज."समूह वा समिति" भन्नाले कानुन बमोजिम सूचिकृत भएका/दर्ता भएका पशुपालक कृषक समूह वा समिति सम्झनुपर्छ ।

झ. "सहकारी "संस्था भन्नाले सहकारी ऐन २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन, मत्स्य वा दुग्ध उत्पादन व्यवसाय सम्बन्धी/कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनुपर्छ ।

ञ. "लक्षित बर्ग" भन्नाले प्रचलित नेपालको कानुनले तोके वमोजिमका वर्गलाई सम्झनुपर्छ ।

ट. साझेदार भन्नाले कृषक/कृषि समूह/सहकारी/समिति/निजी/उधमी सम्झनुपर्छ ।

## ३. उद्देश्यः

**यस कार्यविधिका उदेश्यहरु देहाय बमोजिमरहेका छन् ।**

क. नगरपालिकालाई मासुमा आत्मनिर्भर वनाई, आयातमा निर्भरता घटाउँदै स्थानीय उत्पादन वृद्धि गर्ने

ख .स्वस्थ, सुरक्षित र गुणस्तरीय मासु उत्पादन तथा वितरण प्रणाली स्थापना गरी उपभोक्ताको स्वास्थ्य सुरक्षामा योगदान पुऱ्याउने।

ग. स्थानीय कृषक तथा पशुपालकलाई प्रोत्साहन गरी आधुनिक पशुपालन प्रणालीलाई प्रवर्द्धन गर्ने।

घ .पशु आहार, स्वास्थ्य, खोप तथा उपचार सेवालाई प्रभावकारी बनाई पशु उत्पादन क्षमतामा वृद्धि गर्ने।

ङ. सुरक्षित मासु प्रशोधन केन्द्र तथा प्याकेजिङ सुविधा (स्लाटर हाउस)को प्रवर्द्धन गरी स्वस्थ मासु आपूर्ति सुनिश्चित गर्ने।

च. पशुपन्छी व्यवसायलाई सहजीकरण, प्रवर्द्धन एवं व्यवसायीकरण गर्नको लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित बर्गसम्म पुन्याउन सहयोग स्वरूप टेवा प्रदान गर्ने।

छ. पशुपन्छी व्यवसायवाट थप रोजगारीका अवसरहरु सिर्जना गरी नगरवासीका जीवनस्तरमा सुधार गर्ने ।

ज. पशुपन्छी जन्य उत्पादनको परिमाण र गुणस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्युनीकरण गर्ने।

झ .विद्यमान पशुपालन नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ञ . नगरपालिका भित्र स्वस्थ उत्पादन ,प्याकेजिङ र प्रशोधनको लागि वधस्थल संचालन गर्ने ।

४. कार्यक्रम अन्तर्गत गरिने कियाकलापहरु

यस कार्यविधि अन्तर्गत संचालन गरिने कियाकलापहरु देहाय वमोजिमका हुनेछन्

क. जनचेतना तथा क्षमता विकास

ख. बाखाको खोर निर्माण र सुधार

ग. पशुपन्छी वितरण तथा प्रवर्द्धन

घ. पशु आहार तथा पोषण व्यवस्थापन

ङ. पशु स्वास्थ्य सेवा सुदृढीकरण

च. सुरक्षित मासु प्रशोधन र वितरण क्रियाकलापः वैज्ञानिक तथा सुरक्षित तरिकाले पशु वध गर्न वधस्थलको स्थापना वा सुधार र बध स्थल संचालनको लागि आवश्यक पर्ने उपकरण व्यबस्थापन

छ. मासु प्रशोधन, प्याकेजिङ, चिस्यान तथा वितरण प्रणालीको विकास

ज. मासु विक्रेताहरूको लागि अभिमुखीकरण तालिम

झ. बजार व्यवस्थापनः स्थानीय बजारमा उत्पादित मासुको प्रवर्द्धन

ञ. तालिम, भ्रमण, गोष्ठी

ट. अनुगमन, मूल्यांकन र अभिलेखीकरण

परिच्छेद २

कार्यकम संचालन विधि

५. कार्यक्रम संचालन सम्बन्धी व्यवस्थापन

क. समन्वय तथा अनुगमन समितिः कार्यक्रम कार्यान्वयनमा सहजीकरण, समन्वय र अनुगमनका लागि समन्वय तथा अनुगमन समिति गठन गर्न सकिनेछ वा कार्यक्रम सञ्चालनका लागि कुनै समिति वा संरचना विद्यमान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सकिनेछ ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

ख. लक्षित वर्ग र क्षेत्रः आवश्यकताको आधारमा कार्यक्रममा समेटिने कृषक, समूह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

ग. कार्यक्रम संचालन गर्दा आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा आफ्नो कार्यक्षेत्र भित्रका उपयुक्त स्थानको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

घ. विशेष प्राथमिकताः जिविकोपार्जन गर्न नसकेका एकल महिला, दलित, असहाय निम्न स्तरका कृषकहरुलाई विशेष प्राथमिकता दिईने छ।

## ६ कार्यक्रम कार्यान्वयन कार्यदल

१)कार्यक्रम कार्यान्वयन गर्न देहाय वमोजिमको एक कार्यदल गठन गरिने छ ।

- प्रमुख प्रशासकिय अधिकृत (संयोजक)
- आर्थिक विकास समितिको संयोजक (सदस्य)
- योजना अधिकृत (सदस्य)
- उद्यम विकास सहजकर्ता (सदस्य)
- पशु सेवा शाखाका प्राविधिकहरु (सदस्य)
- पशु सेवा शाखा प्रमुख (सदस्य सचिव)

२) कार्यक्रम कार्यान्वयन कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. कार्यक्रम प्रोत्साहन अनुदान तथा व्यवसाय विस्तार अनुदान प्रदान गरिने लक्षित वर्ग, क्षेत्र, समुदाय र अनुदानग्राही छनौटका आधारहरू निर्धारण गर्ने,

ख. पशुपन्छी प्रवर्धन, व्यवसायीकरणको क्षेत्रमा नव-प्रविधिको अवलम्वन र व्यवसायीहरूलाई प्रविधि सिकाउन तथा उत्प्रेरित गर्ने ।

ग. पशुपन्छी व्यवसायीहरूलाई निश्चित मापदण्ड तयार गरी स्थलगत अनुगमन गरी उपयुक्त ठहरिएका व्यवसायी र कृषकहरूलाई उपलब्ध बजेटको अवस्था हेरी निश्चित प्रोत्साहन अनुदान उपलब्ध गराउन मूल्यांकन समितिमा पेश गर्ने,

घ. प्रोत्साहन अनुदान तथा व्यवसाय विस्तार अनुदान प्राप्त गर्ने कृषकहरूको नामावली एफ.एम. रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशन गर्ने।

ङ. कार्यक्रम संचालन प्रक्रियामा सम्पूर्ण क्रियाकलापहरु गर्ने ।

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

## ७.कार्यक्रम सञ्चालन प्रकिया:

क. कार्यक्रम सञ्चालनका लागि कार्यालयले वार्षिक विनियोजन बजेट अनुसारका कार्यक्रम सञ्चालन गर्नका लागि नियमानुसारको म्याद दिई अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना मार्फत आवेदन वा कार्ययोजना माग गर्नु पर्नेछ ।

ख. कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरूले अनुसूची-२ बमोजिमको निवेदन र अनुसूची-३ बमोजिमका आवश्यक कागजातहरू संलग्न राखी निर्धारित समयभित्र पशु सेवा शखामा दर्ता गराउनु पर्नेछ।

ग. कार्यालयले लाभग्राही छनौट पूर्व स्थलगत अनुगमन गर्नु पर्नेछ।

घ. स्वीकृत आवेदकहरूसँग सम्बन्धित कार्यालयले अनुसूची-४ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यकम संचालन गर्नुपर्नेछ।

ङ. समन्यव तथा अनुगमन र कार्यक्रम व्यवस्थापनकार्यमा विनियोजित बजेटको ५ प्रतिशत मात्र खर्च गर्न सकिनेछ।

च. कृषकहरुले माग गरेको कार्यक्रमको आवश्यकता र प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्न सकिनेछ।

छ. लाभग्राही कृषकहरुले कार्य सम्पन्न भई सकेपछि अनुसुची ५ बमोजिमको स्पष्ट देखिने गरी बोर्ड राख्नु पर्नेछ ।

## ८. प्रदान गरिने सहुलियत र अनुदान:

विनियोजित बजेटबाट यस कार्यक्रमको उद्देश्य, प्रमुख क्रियाकलाप, न्यूनतम मापदण्ड र अन्य प्राविधिक पक्ष समेटिएका तथा स्थान विशेषको आवश्यकता बमोजिमका पशुपन्छी विकास सम्बन्धी कार्य सञ्चालन गर्दा कार्यालयले अनुदान उपलब्ध गराउन सकिनेछ। कार्यक्रमको प्रकृति अनुसार यसरी प्रदान गरिने अनुदान नगद, वस्तुगत वा दुबै प्रकृतिको हुन सकिनेछ ।

क. कार्यालयले प्रचलित स्थानीय कानूनहरूको पालना गरी कार्यक्रम सञ्चालन एवम् विनियोजित बजेटको खर्च गर्नु पर्नेछ।

ख. सुविधाको सीमा: कार्यक्रम अन्तर्गत सञ्चालन गरिने पशुपन्छी कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछ:

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

१. जिबिकोपार्जन गर्न नसकेको एकल महिला, दलित, असहाय निम्न स्तरका कृषकहरुको हकमा अधिकतम ६०% हुनेछ।

२. कृषक समूह वा सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरूको हकमा अधिकतम ५०% हुनेछ ।

३. निजी एवम् व्यावसायिक प्रयोजनका पशुपन्छीको हकमा ५०% र विकास पूर्वाधारको हकमा अधिकतम ४०% हुनेछ।

४. कुखुराको चल्लाको हकमा १००% हुनेछ ।

५.प्रविधि प्रसार,तालिम गोष्ठी,स्वास्थ्य मासु उत्पादनको लागि वधस्थल संचालन गर्न उपकरण वा अन्य व्यवस्थापन जस्ता कार्यकोलागि कार्यालय वा सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ।

## परिच्छेद-३

## अनुगमन तथा मूल्यांकन समिति

९. अनुगमन समितिः

क. कार्यक्रम अनुगमनका लागि देहाय बमोजिमका मूल्यांकन समिति गठन गरिने छ ।

- नगर उपप्रमुख (संयोजक)
- आर्थिक बिकास समिति संयोजक (सदस्य)
- सम्बन्धित वडाका अध्यक्ष (सदस्य)
- पूर्वाधार शाखा प्रमुख (सदस्य)
- योजना अधिकृत (सदस्य)
- कृषि शाखा प्रमुख ( सदस्य )
- पशु सेवा शाखामा कार्यरत कर्मचारीहरु ( सदस्य )
- पशु सेवा शाखा प्रमुख (सदस्य सचिव)

ख. अनुगमन समितिको  संयोजकले तोकेको जनप्रतिनिधिको नेतृत्वमा कार्यदल तथा पशु सेवा शाखाको कर्मचारीले आवश्यकता अनुसार अनुगमन गर्न सकिने छ ।

ग. कार्यालयमा पेश भएका आवेदनहरुको स्थलगत अनुगमान गरी छनौट तथा मुल्याकन गर्न अनुमोदनका लागि मूल्यांकन समिति समक्ष पेश गर्नुपर्नेछ ।

**लाभग्राही छनौट गर्ने मापदण्ड**

| समूह\सहकारीको हकमा | निजी फर्मको हकमा | नयाँ\लक्षित वर्गको हकमा |
|---|---|---|
| क. बाखा संख्या १०० हुनु पर्ने।<br>ख. कर चुक्ता गरेको हुनु पर्ने।<br>ग. लेखा परीक्षण गरेको हुनु पर्ने।<br>घ. दर्ता भएको कम्तिमा एक आर्थिक वर्ष पुरा भएको हुनु पर्ने। | क. सम्वन्धित सरकारी निकायमा फर्म दर्ता भएको हुनु पर्ने।<br>ख. बाखा संख्या १५ वटा हुनु पर्ने ।<br>ग. फर्म दर्ताको प्रमाणपत्र र चुक्ताको प्रमाणपत्र | क. वडा मुचुल्का<br>ख. वडा सिफारिश<br>ग.नागरिकताको प्रमाणपत्र/राष्टिय परिचय पत्रको प्रतिलिपि |

**१०. मूल्यांकन समिति :**

क. कार्यक्रम मूल्यांकनका लागि देहाय बमोजिमका मूल्यांकन समिति गठन गरिने छ ।

- नगर प्रमुख (संयोजक)
- नगर उपप्रमुख (सदस्य)
- आर्थिक समिति संयोजक (सदस्य)
- प्रमुख प्रशासकिय अधिकृत (सदस्य)
- लेखा शाखा प्रमुख (सदस्य)
- पूर्वाधार शाखा प्रमुख (सदस्य)
- योजना अधिकृत (सदस्य)
- पशु सेवा शाखा प्रमुख (सदस्य सचिव)

ख. मूल्यांकन समितिमा आवश्यकता अनुसार दुईजना सम्मलाई आमन्त्रण गर्न सकिने छ ।

ग. अनुदानको लागि व्यवसाय विस्तार गर्न छनौट भएका अनुदानग्राहीहरूलाई उपलब्ध गराइने अनुदान रकम यकिन गरी सम्झौताको लागि कार्यदललाई सिफारिस गर्ने।



धर्मराज डुङ्गाना प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी नगर प्रमुख

परिच्छेद-४

## विविध

११. कार्यक्रमको जानकारी दिनुपर्नेः

(१) अनुदानमा सञ्चालित पूँजीगत प्रकृतिका कार्यक्रमको हकमा सम्बन्धित अनुदानग्राहीले आफूले सञ्चालन गरेको कार्यक्रम सम्बन्धी जानकारीमूलक विवरण अनुसूची-६ बमोजिमको ढाँचामा तयार गरी कार्यक्रम स्थलमा सबैले देखे गरी राखु पर्नेछ।

१२. बीमा गर्नु पर्नेः

क. यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले भौतिक पूर्वाधारहरूको बीमा गर्नु पर्नेछ।

ख. बीमा नगरेको अवस्थामा पुग्न जाने क्षतिको लागि अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ ।

१३. असुल उपर हुनेः कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

१४. जिम्मेवारी हुनेः कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को पालना गरी वित्तीय अनुशासन कायम गर्ने/गराउने तथा गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयको प्रमुख प्रशासकिय अधिकृतको हुनेछ।

१६. गुनासो व्यवस्थापनः अनुदान सम्वन्धी कुनै गुनासो भएमा सम्बन्धित कार्यालयमा निवेदन दिन सकिनेछ। त्यस्तो गुनासोको व्यवस्थापन कार्यालय प्रमुखसँगको समन्वयमा गर्न सकिनेछ।

१७. व्याख्या, संशोधन र बाधा अड्काउ फुकाउः

क. यस कार्यविधिको आवश्यक व्याख्या कार्यपालिकाले गर्न सकिनेछ।

ख. कार्यक्रमको कार्यान्वयनमा बाधा अड्काउ परेमा यस कार्यविधिको उद्देश्य विपरित नहुने गरी कार्यपालिकाले बाधा अड्काउ फुकाउन र कार्यविधि संशोधन गर्न सकिनेछ।

१८. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

अनुसूची - १

## आवेदन मागको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशन मिति.........**

यस कार्यालयको आ.व. ............को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन कार्यक्रम सम्बन्धी कार्यविधि २०८२ बमोजिम देहायका कार्यक्रमहरु प्राथमिकता आधारमा माग अनुसार तपशिलमा बमोजिमका कार्य संचालन गर्न ईच्छुक कृपक/समुह/समिति/सहकारी/कम्पनी/फार्म/निजी/लक्षित बर्ग कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा आवेदन दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त आवेदनहरु छनौटमा समावेश नगरिने बेहोरा समेत जानकारी गराईन्छ ।

| क्र. स. | संचालन गर्न सकिने कार्यक्रम | न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|---|
| | | | |

**आवश्यक कागजातहरु**

१. अनुसूची २ बमोजिमको आवेदन ।

२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपिपि ।

३. एउटै प्रकृतिको कार्यका लागि विगत दुई (२) बर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र ।

४. समुह/सहकारीको हकमा बाख्रा सँख्या १०० हुनु पर्ने, सम्बन्धित सरकारी निकायमा दर्ता/ नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर र कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि, लेखा परीक्षण ।

५. निजी फार्मको हकमा फार्म दर्ता प्रमाण पत्र/कर चुक्ताको प्रतिलिपिपि, बाख्रा सख्या कम्तिमा १५ वटा हुनु पर्ने ।

६. लक्षित वर्गको हकमा एकल महिला, दलित, असहाय,निम्न स्तरको कृषक हो भनी संम्बन्धित वडा मुचुल्का र वडा कार्यलयको सिफारिश ।

धनराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

अनुसूची - ३

## निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
स्याङ्जा ।

बिषय- आवेदन पेश गरिएको बारे ।

तहाँ कार्यालयको मिति ......................... गतेको सूचना अनुसार मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवेदनको सूचना अनुसार आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम सञ्चालनमा नियमाअनुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिबद्धता समेत ब्यक्त गर्दछु ।

| क.स. | कार्य गर्न सकिने कार्यक्रमको प्राथमिकता क्रम | हाल पालिएको बाख्रा संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

नोट- आवेदकलाई आश्यकता र संचालन गर्न सक्ने मात्र कार्यक्रम प्राथमिकता अनुसार माग गर्ने

निवेदक
नाम-
ठेगाना-
दस्तखत-
मो.नं.-

धर्मराज दुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत



तुलसी राम रेग्मी
नगर प्रमुख

## अनुसूची- ३

## आवश्यक कागजातको सूची

१. अनुसूची १ बमोजिम प्राथमिकता अनुसार कार्यक्रम माग र बाखाको सख्या उल्लेख हुनुपर्ने ।

२. अनुसूची २ बमोजिमको आवेदन ।

३. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिपि ।

४. एउटै प्रकृतिको कार्यका लागि बिगत दुई (२) बर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र ।

५. समुह/सहकारीको हकमा बाखा सँख्या १०० हुनु पर्ने, सम्बन्धित सरकारी निकायमा दर्ता/ नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नब्बर र कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि, लेखा परीक्षण ।

६. निजी फार्मको हकमा फार्म दर्ता प्रमाण पत्र/कर चुक्ताको प्रतिलिपिपि, बाखा सख्या कम्तिमा १५ वटा हुनु पर्ने ।

७. लक्षित बर्गको हकमा एकल महिला, दलित, असहाय,निम्न स्तरको कृषक हो भनी संम्बन्धित वडा कार्यलयको मुचुल्का र सिफारिश ।

८. निमार्ण कार्यको हकमा लागत इस्टिमेट, सम्पन्न प्रतिवेदन, नापी किताब ,संम्बन्धित वडा कार्यालयको सिफारिश र कार्य सम्पन्नको फोटो ।

प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

अनुसूची- ४

## द्विपक्षीय सम्झौता

पुतलीबजार नगरपालिका पशु सेवा शाखाको आर्थिक बर्ष ........... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन कार्यक्रम सञ्चालन गर्न श्री पुतलीबजार नगरपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री समुह/सहकारी/ फर्म / लक्षित वर्ग (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरु परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने गरी यो द्विपक्षीय सम्झौता गरी दियौं/लियौं।

तपसिल

१. प्रथम पक्षले यस सम्झौता मुताविकको कार्यक्रम सञ्चालनका लागि ........प्रतिशत दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्य-योजना मुताविकका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ।

३. कार्यक्रम सञ्चालनका लागि आवश्यक, सुपरभिजन, विल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरु तथा खरिद, ढुवानी, सञ्चालन व्यवस्था आदि प्रथम पक्षले गर्नेछ। तर गोठ सुधारको हकमा अनुगमन र सुपरभिजन बाहेक सबै कार्य दोस्रो पक्षले गर्नु पर्नेछ ।

४. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ ।

५.दोस्रो पक्षले अनुदानबाट प्राप्त कार्यक्रम निरन्तर संचालन गर्नु पर्नेछ । यस कार्यक्रम सञ्चालनका दौरानमा व्यवस्थापन, जोखिम र दीगोपनका लागि गरिने सम्पूर्ण कार्यहरु तथा उपचार सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६. दोस्रो पक्षले त्रैमासिक रुपमा प्रगति, उपलब्धी एवं कारोबार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछ ।

७. दोस्रो पक्षले अनुदानबाट प्राप्त बोका/ पाठी बिमा गरी अनिवार्य रुपमा बिमाको कागजातहरुको प्रतिलिपि प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

८. कार्यक्रम सञ्चालनको दौरान कुनै कुरा परिमार्जन गर्नु परेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

९. दोस्रो पक्षवाट अनुदान रकमको दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिश गर्न सक्नेछ ।

१०. यस सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ

| | |
|---|---|
| **दोस्रो पक्षको तर्फबाट**<br>हस्ताक्षर<br>नाम:<br>ठेगाना:<br>संस्थाको नाम: | **प्रथम पक्षको तर्फवाट**<br>हस्ताक्षर<br>नामः<br>पदः<br>कार्यालयः |
| रोहवर<br>हस्ताक्षर<br>नाम:<br>ठेगाना: | **रोहवर**<br>हस्ताक्षर<br>नामः<br>पदः |

इति सम्वत .......... साल ......... महिना ..... गते ...... रोज शुभम् ।

नोट- कार्यालयले सार्वजनपक खरिद नियमावलीको अधीनमा रही द्विपक्षीय सम्झौताका बुँदाहरुमा आवश्यक संशोधन गर्न सक्नेछ ।

धमराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

# अनुसूची - ५

## बोर्ड

१. कार्यालयको नाम- पुतलीबजार नगरपालिका, स्याङ्जा
२. कार्यक्रमको नाम-
३. अनुदानग्राहीको नाम-
४. ठेगाना-
५. कार्यक्रमको कुल लागत-
६. अनुदान रकम रु-
७. अनुदानग्राहीको योगदान रु-
८. लाभान्वितहरुको
संख्या....................महिला,........................पुरुष..........र .....अन्य
९. आर्थिक वर्ष..................

धमराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख